# मोलुङ गाँउपालिकाको गाउँसभा

२०७९ साल आषाढ १० गते

उपाध्यक्ष श्री उर्मिला खतिवडाज्युले प्रस्तुत गर्नुभएको

बजेट बक्तव्य

आर्थिक वर्ष २०७९/०८० को

बजेट बक्तव्य

मोलुङ गाउँपालिका

प्राप्चा,ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

यस गरिमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथीज्यू, विशिष्ट, अतिथीज्यूहरु, सभाका सदस्यज्यूहरु, समाजसेवी, बुद्धिजिवीवर्गहरु, सुरक्षाकर्मिज्यूहरु, पत्रकारज्यूहरु कर्मचारी साथिहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक नमस्कार ।

गाउँसभाका अध्यक्ष महोदय,

मोलुङ गाँउपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित सभासमक्ष आगामी आर्थिक वर्ष २०७९।०८० को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा देश र जनताको निम्ति जीवन समर्पण गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रृन्दान्जली व्यक्त गर्न चाहन्छु । साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि संघर्ष गर्नु हुने महान जनता र नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वप्रति आभार प्रकट गर्न चाहन्छु ।

लामो समयको जनताको राजनीतिक संघर्ष पश्चात स्थानीय तहको निर्वाचन सँगै नेपालका संविधानमा व्यवस्था भए बमोजिमको नयाँ राज्य व्यवस्थाको सुरुवात भएको छ । यो अवधिमा शासन व्यवस्थामा अन्योलता, पूर्वाधारको कमी जस्ता समस्याहरु सामना गर्दै यहाँका जनताले नजिकमा सेवा र गाउँ टोलमा विकासका अनुभूति गरेका छन् ।

अपार प्राकृतिक श्रोत, खेतियोग्य जमिन, मेहनती जनता यहाँका सम्पत्ति हुन् । नेतृत्व वर्गले यिनै सम्पत्तिलाई जनताको खुशीमा परिवर्तन गर्न सके मोलुङ गाउँपालिकाको अभियान सफल हुनेछ । चरम गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको शिघ्र अन्त्य हुनेछ र स्थानीय जनतामा रोजगारीको अवसर, सार्वजनिक सेवाको सर्वसुलभता, बचत गर्ने बानीको विकास, आधारभूत शिक्षा र प्राथमिक स्वास्थ्यमा पहुँच, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति भएको छ ।

निजी, सहकारी, अर्धसरकारी संघ संस्थाहरुलाई गाउँपालिकाले विकासको साझोदारीको रुपमा स्वीकार गरेको छ साथै लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ ।

मोलुङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट सीमा तर्जुमा गर्दा मैले नेपालको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेशको बजेट, मोलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, राजस्व परामर्श समिति सुझाव, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, दीगो विकासका लक्ष्यहरु आदिलाई आधारको रुपमा लिएको छु, साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवि, राजनीति कर्मी, भद्र भलादमी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु । विगतका आर्थिक वर्षमा हासिल भएका उपलव्धिहरु संस्थागत गर्दै नागरिकको सामाजिक र आर्थिक हीत प्रबर्दन गर्न उपलव्ध श्रोतको समन्यायिक बाँफफाँड, सेवाको सरल र समान वितरण, विकासमा समान सहभागीता, जनतामा विकासको स्वामित्व ग्रहण जस्ता महत्वपूर्ण कुराहरुमा विशेष ध्यान दिइनेछ ।

सम्मानित सभाध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु ।

१. चालु आ.व.को वित्तीय प्रगति सन्तोषजनक रहेको छ ।

२. सडकको विस्तारले दैनिक उपभोग्य सामानको उपलब्धतामा सहज भएको छ, जसले प्रतिष्पर्धात्मक बजार प्रणालीको विकास समेत गरेको छ ।

४. वस्तु निर्यात भन्दा आयात बढी रहेकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति अबलम्बन गर्नुपर्ने देखिन्छ ।

५. राजस्व परिचालनको लक्ष्य नजिक पुगेको छ। राजस्व प्रशासनलाईन चुस्त, दुरुस्त र प्रभाबकारी बनाई राजश्वको पुर्वानुमान वस्तुपरक रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । राजस्व प्रणालीमा द्बिविधा लाई अन्त्य गरिनेछ ।

६. जनतामा आर्थिक असन्तुलन देखिन्छ । त्यसैले विपन्न र लक्षित उन्मूख कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

७. बचत तथा ऋण सहकारी संस्थाहरुको उपस्थिति संख्यात्मक रुपमा मात्र रहेकोले उत्पादनमूलक कार्यमा उत्प्रेरित गर्नु आवश्यक देखिन्छ ।

सम्मानीत सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९।०८० को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका उद्देश्य र प्राथमिकता निम्नानुसार छनः-

- सडकको विस्तार र स्तरोन्नती गरी नागरिकलाई यातायातको पहुँच बढाउने,
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने,
- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यकोरुपमा विकास गर्न प्रदेश सरकार र संघिय सरकारसँग समन्वय सहकार्य र साझेदारीमा पर्यटकिय क्षेत्रको बिकास गर्ने,
- उपलव्ध श्रोत साधनको न्यायोचित वितरण, विकासमा समान सहभागिता गराइने,
- स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने,
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने,
- युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने,
- जनतामा मौलिक हकको प्रत्याभूति दिलाउने,
- सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत जटिलतालाई अन्त्य गर्ने

सम्मानीत सभाध्यक्ष महोदय,

अब म बजेट तर्जुमाका आधार र सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४,
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा, सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- अन्तरसरकारी वित्तीय हस्तान्तरण निर्देशिका,
- दीगो विकासको लक्ष्य,
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- उपलव्ध श्रोत र साधन,
- विकासका अन्तर सम्बन्धित विषयहरु,
- नेपाल सरकारले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु,
- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,
- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु,
- राजस्व परामर्श समितिको प्रतिबेदन आदि ।

सम्मानित सभाध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को अनुमानित आय श्रोत प्रस्तुत गर्न चाहन्छु ।

अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा आयोग, वित्त प्रदेश सरकार बाट प्राप्त पत्र तथा प्रदेश बजेट बक्तव्य र आ.व. २०७९।०८० को बैकं मौज्दातको आधारमा आ.व. २०७९।०८० मा यस मोलुङ गाउँपालिकामा प्राप्त अनुमानित कुल बजेट रु. निम्न अनुसार को शिर्षकगत आय बिबरण रहेको छ ।

- संघिय सरकार वित्तिय समानिकरणबाट प्राप्तः- रु ८ करोड ९३ लाख,
- संघिय सरकार सशर्त अनुदानबाट प्राप्तः- रु २३ करोड ५३ लाख,
- संघिय सरकार राजश्व बाँडफाँडबाट प्राप्तः- रु ७ करोड ५० लाख ८१ हजार,
- संघिय समपुरक अनुदानः- रु १ करोड ४० लाख,

- प्रदेश सरकार सवारी कर राजश्व बाँडफाँडबाट प्राप्त आय  रु २७ लाख १९ हजार ७ सय ७० ।
- प्रदेश सरकार समानिकरण अनुदानः- रु. ४६ लाख ८७ हजार ।
- प्रदेश सशर्त अनुदानः ३४ लाख ७१ हजार ।
- अनुमानित आन्तरिक राजश्व -  रु. २५ लाख ।
- प्रदेश समपुरक अनुदानः- रु १ करोड ।
- अनुमानित बैक मौज्दातः- रु १ करोड ।

गरी आव. ०७९।०८० को  जम्मा अनुमानित आय ४४ करोड ७० लाख ५८ हजार ७ सय सत्तरी रहेको छ ।

सम्मानित सभाध्यक्ष महोदय,

आ.व. २०७९।०८० मा सम्पूर्ण बजेटको चालु र पूँजिगत बजेट विवरण पेश गर्न चहान्छु। यस आर्थिक बर्षमा चालु बजेट तर्फ कर्मचारी पारिश्रमिक, कार्यालय संचालन, व्यवस्थापन लगायत अन्य चालु प्रकृतिका विविध शिर्षकमा एकमुष्ट बजेट रु २९ करोड ६५ लाख ७१ हजार ७ सय ७० बजेट छुट्याईएको छ भने पुँजिगत तर्फ गाउँपालिकाको अनुमानित अल्या समेत गरि रु १५ करोड ४ लाख ८७ हजार बजेट विनियोजन गरीएको छ ।

सम्मानित सभाध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत , विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- मोलुङ गाउँपालिका, वडा नं. १ लाई  चालु  तर्फ रु. ९ लाख ४७ हजार ५ सय  र पुँजिगत तर्फ रु ३३ लाख गरी जम्मा रु ४२ लाख ४७ हजार ५ सय  विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. २ लाई  चालु  तर्फ रु. ९ लाख ४७ हजार ५ सय  र पुँजिगत तर्फ रु ३३ लाख गरी जम्मा रु ४२ लाख ४७ हजार ५ सय  विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ३ लाई चालु  तर्फ रु. ९ लाख ४७ हजार ५ सय  र पुँजिगत तर्फ रु ३१ लाख ५० हजार गरी जम्मा ४० लाख ९७ हजार ५ सय  विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ४ लाई चालु  तर्फ रु. ९ लाख ४७ हजार ५ सय  र पुँजिगत तर्फ रु ३१ लाख ५० हजार गरी जम्मा ४० लाख ९७ हजार ५ सय  विनियोजन गरिएको छ ।

- मोलुङ गाउँपालिका, वडा नं. ५ लाई चालु तर्फ रु. ९ लाख ४७ हजार ५ सय र पुँजिगत तर्फ रु ३२ लाख गरी जम्मा ४१ लाख ४७ हजार ५ सय विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ६ लाई चालु तर्फ रु. ९ लाख ४७ हजार ५ सय र पुँजिगत तर्फ रु ३३ लाख गरी जम्मा ४२ लाख ४७ हजार ५ सय विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ७ लाई चालु तर्फ रु. ९ लाख ४७ हजार ५ सय र पुँजिगत तर्फ रु ३३ लाख गरी जम्मा ४२ लाख ४७ हजार ५ सय विनियोजन गरिएको छ ।
- मोलुङ गाउँपालिका, वडा नं. ८ लाई चालु तर्फ रु. ९ लाख ४७ हजार ५ सय र पुँजिगत तर्फ रु ३३ लाख गरी जम्मा ४२ लाख ४७ हजार ५ सय विनियोजन गरिएको छ ।

अध्यक्ष महोदय,

अब म मोलुङ गाउँपालिकाको गौरबको योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु ।

क) आर्थिक विकासः-

१) विकासको आधारशिला आर्थिक विकास हो । यस क्षेत्रलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राखेको छ । आर्थिक विकासलाई मजबुत बनाउन गाउँपालिकाले कृषि तथा पशु सेवा र सहकारी सम्बन्धी कार्यक्रमहरु, कृषि तथा पशु पकेट क्षेत्रको रुपमा घोषणा गरी कार्यक्रमहरु संचालन गर्न एकमुष्ट रु २५ लाख बजेट बिनियोजन गरिएको छ ।

ख) सामाजिक विकासः-

१) गाउँपालिकाले समग्र शैक्षिक सुधारको लागि जनशक्ति व्यवस्थापनलाई महत्वपूर्ण कडिको रुपमा लिएको छ । शिक्षक विद्यार्थी अनुपातलाई मूख्य आधार बनाएर आ.व. २०७९।०८० मा शिक्षामा गुणस्तरीयता ल्याउदै सार्वजनिक बिद्यालयको साख जोगाउनको लागि गाउँपालिकाले शिक्षा क्षेत्रमा एकमुष्ठ १ करोड ८५ लाख बजेट बिनियोजन गरीएको छ,

२) स्वस्थ नेपाल, समृद नेपाल, समृद नेपाल सुखी नेपाली भन्ने मुल नारालाई आत्मासाथ गर्दै मोलुङ गाउँपालिका अन्तर्गत आवश्यक स्थानमा खोप केन्द्र भवन निर्माण लगायत मोलुङबासीको आधारभुत स्वास्थ्यलाई मध्यनजर गर्दै एक मुष्ट रु ३० लाख बजेट बिनियोजन गरिएको छ,

३) राज्य तथा राष्ट्र निर्माणमा प्रत्येक व्यक्तिको महत्वपूर्ण भुमिका रहेको हुन्छ र सो को लागि हरेक बर्ग, क्षेत्र, लिङ्ग, जातिको समान अस्तित्व लाई स्वीकार गर्दै राज्य र राष्ट्र प्रति सम्पूर्ण नागरिकहरुलाई बफादार बनाउन महिला बालबालिका, जेष्ठ नागारिक, अपाङ्ग जनजाती लगायत लक्षित बर्ग शिर्षकमा एकमुष्ट रकम रु १५ लाख बिनियोजन गरिएको छ ।

ग) पूर्वाधार विकासः-

१) गाउँपालिकाले जनताको जीवनलाई सहज बनाउने हेतुले पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ । गाउँपालिकाको प्रशासकिय भवन, ५ सैयाको अस्पताल, सडक, निर्माण तथा व्यवस्थापन गर्न गाउँपालिकाले एक मुष्ट रकम रु ४ करोड ९० लाख बजेटको व्यवस्था गरेको छ ।

घ) वाताबरण तथा विपत व्यवस्थापनः-

१) प्रकोप ब्यबस्थापन कोषमा एक मुष्ट रु २० लाख बजेट ब्यबस्था गरिएको छ ।

ङ) न्यायिक समितिः-

जनताको हक अधिकारलाई सूनिश्चित गर्दै शान्त र सभ्य समाजको निर्माण गर्न न्याय क्षेत्रको अग्रणि भुमिकालाई ध्यानमा राखि पालिका स्तरमा न्याय मूर्तिका रुपमा रहेका न्यायिक समितिका सदस्य, मेलमिलाप कार्यकर्ताहरुको क्षमतामा बृद्धी गरी स्वच्छ, निश्पक्ष र उत्कृष्ट ढङ्गले न्याय सम्पादन गराउन न्यायिक समितिलाई क्षमता विकास एवं वडा तहमा न्यायिक निरुपण गर्न मेलमिलापकर्ताको क्षमता विकास गर्न ५ लाख बजेट व्यवस्थापन गरिएको छ ।

च) सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकाशः-

१) गाँउपालिकाको सम्पुर्ण तथ्याङ्कीय विवरण सहितको कम्प्रिह्यान्सिभ भिलेज प्रोफाईल निर्माण गर्न रु १० लाख बजेटको व्यवस्था गरेको छ ।

छ) अध्ययन अनुसन्धान तथा परामर्शः-

गाँउपालिका भित्र रहेका भौगोलिक, प्राकृतिक, तथा जलाधार क्षेत्र, वातावरणीय अध्ययन समेतलाई समेट्ने गरी रु १५ लाख बजेट व्यवस्था गरिएको छ ।

ज) पालिका भित्रका विभिन्न बिकाशका पुर्वाधारहरुको आधारको पुर्वतयारीका लागी बिस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु ३० लाख बजेट विनियोजन गरिएको छ ।

झ) नवजात शिशुलाई जन्म पश्चात गाँउपालिकाले रु ५,००० सहित नोमिनल खाता खोली नियमित बचत गर्न प्रोत्साहन गर्नेगरी रु १० लाख बजेटको व्यवस्था गरिएको छ ।

अब म मोलुङ गाउँपालिका अन्तर्गत वडागत योजनाहरुको विस्तृत विवरण तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

सम्मानित सभाध्यक्षज्यू,

मुलुकमा संघीयता लागु भई स्थानीय तह घोषणा भए सँगै हामी आफैले स्थानीय तहबाटै आर्थिक, भौतिक, सामाजिक तवरले फड्को मार्नुपर्ने चुनौती थपिएको छ । सामाजिक क्षेत्र तथा भौतिक पुर्वाधार मा उल्लेखनीय रुपमा विनियोजन गरिएको यो बजेटबाट समृद्ध मोलुङ गाउँपालिकाको शुरुवात हुनेमा मैले विश्वास लिएको छु । बजेटको पुर्ण कार्यान्वयनले जनताले स्थानीय तहमा सरकारको उपस्थितिको अनुभुति हुनेछ भन्ने विश्वास लिएको छु । यो बजेटको सिद्धान्त र प्राथमिकतामा प्राप्त विभिन्न सुझावका लागि गाउँबासीहरु, वुद्धिजिवीहरु, समाजसेवी, पत्रकार, कर्मचारी, प्रति म आभारी छु । बजेट निर्माणका क्रममा अहोरात्र खटिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

र अन्त्यमा, गाउँपालिकाको विकासमा सहयोग पुर्याउने सबै करदाताहरु, विभिन्न संघ संस्थाहरु, दातृ निकायहरु तथा आम मोलुङवासी बुवा आमा, दिदी बहिनी, दाजुभाईलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पुर्ण सहयोग पाउने अपेक्षा सहित विदा हुन्छुऋआ ।

धन्यवाद ,                                        नमस्कार ।

उर्मिला खतिवडा

उपाध्यक्ष

मोलुङ गाउँपालिका